# स्थानीय राजपत्र

**घ्याङलेख गाउँपालिका, गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

खण्ड ४) घ्याङलेख, पुस २७ गते, २०७७ साल (अतिरिक्ताङ्क ०९

## भाग १

## घ्याङलेख गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

### हायुटार, सिन्धुलीको

### सूचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम घ्याङलेख गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७७ साल ऐन नं. ९**

**घ्याङलेख गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७**

**प्रस्तावना:** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम घ्याङलेख गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१। **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यो ऐनको नाम **"घ्याङलेख गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७"** रहेको छ ।

२) यो ऐन घ्याङलेख गाउँपालिका क्षेत्रभित्र राजपत्रमा प्रकाशन भए पछि लागु हुनेछ ।

२। **परिभाषा :** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :-

क) **"ऐन"** भन्नाले घ्याङलेख गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७ सम्झनु पर्छ ।

ख) **"कार्यपालिका"** भन्नाले घ्याङलेख गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ ।

ग) **"गाउँपालिका"** भन्नाले घ्याङलेख गाउँपालिका सम्झनु पर्छ ।

घ) **"सभा"** भन्नाले संविधानको धारा २२३ बमोजिमको गाउँसभा सम्झनु पर्छ ।

ङ) **"संविधान"** भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३। **नियम बनाउने अधिकार :** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने

कार्यविधि नियमित गर्नको निमित्त घ्याङलेख गाउँपालिकाको गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४। **निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने :** (१) संविधान, ऐन तथा यस ऐन अर्न्तगत बनेको नियमावलीको अधिनमा रही घ्याङलेख गाउँपालिकाको गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, नियमावली, कार्यविधि र मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

५। **बचाउँ :** गाउँपालिकाले यस पूर्व बनाएका ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड यसै बमोजिम भए गरेको मानिनेछ । साथै यस ऐन सँग अव उप्रान्त बाझिएका ऐन, कानून, नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बाझिएको हद सम्म अमान्य हुने छन् ।

**प्रमाणीकरण मिति २०७७।०९।२८**

**आज्ञाले,**

**राम कुमार कार्की**

**प्रमुख प्रशासकीय अधिकृत**

घ्याङलेख गाउँपालिका